# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## ६ नं. प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति : २०७५/०३/२७

**पत्र संख्या :** २०७४/०७५
**चलानी नम्बर :** ९१८ ९८

विषय : तलब कट्टी गरिएको सम्बन्धमा ।

श्री......सम्बन्धित सबै......................विद्यालय,

आठविसकोट नगरपालिका वडा नं............, रुकुम(पश्चिम)

माथि उल्लेखित सन्दर्भमा नगर शिक्षा ऐन, २०७४ को दफा २५ मा **"नियमानुसार विदा स्वीकृत नगराई बसेको शिक्षकले तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन ।"** भनि उल्लेख गरिएको छ । ऐ ऐनको दफा १९ को उपदफा (३) मा **"पदीय दायित्व पुरा नगरेमा, बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढि समय विद्यालयमा अनुपस्थित भएमा, विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा, सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा कुनै व्यवसायिक क्रियाकलाप सञ्चालन गरेमा, शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाईएमा शिक्षक वा कर्मचारीलाई पदबाट हटाउन सकिने"** व्यवस्था भएको जानकारी गराउँदछु । मिति २०७४५ जेठ १६ गतेदेखि जेठ २४ गतेसम्म गरिएको अनुगमनको क्रममा तहाँ विद्यालयमा कार्यरत यसैसाथ संलग्न विवरण अनुसारका शिक्षकहरु विदा स्वीकृत नगराई एवं. जानकारी नै नदिई विद्यालयमा अनुपस्थित रहेको, आफ्नो पदीय दायित्व पूरा नगरी विद्यालयको पठनपाठनमा समेत असर पुर्याएको देखिएकोले संलग्न विवरण अनुसार निजहरुको अनुपस्थित दिनको तलब कट्टा गरिएको छ । कट्टा भएको तलब प्रशासनिक दण्ड जरिवाना वापत भएकोले उक्त रकम नगरपालिकाको **मूल खाता नं ४-ग-४-१( ०७७०३०००००००४००१००६) मा** जम्मा गरी सोको जानकारी जम्मा गरेको भौचर सहित यस कार्यालयमा उपलब्ध गराईदिनु हुन अनुरोध छ । पत्रमा उल्लेख भए अनुसार संलग्न विवरण अनुसारका शिक्षकहरुको तलब कट्टा नगरी तलब खुवाएको पाईएमा प्रधानाध्यापकबाट उक्त तलब असुल उपर गरी निजलाई विभागीय कारवाही गरिने एवम् आ.व. २०७५।०७६ मा स्कूलको नाममा जाने सबै प्रकारका अनुदान रोक्का राखिने व्यहोरा समेत जानकारी गराईन्छ ।

.................................
रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री नगर प्रमुख ज्यूको सचिवालय
श्री शिक्षा, युवा तथा खेलकूद शाखा : पत्रमा उल्लेख भए अनुसार कार्यान्वयन भए/नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।
श्री सूचना तथा अभिलेख व्यवस्थापन केन्द्र : वेभसाइटमा अपलोड गर्ने ।

# अनुपस्थित शिक्षकहरुको विवरण

| | | | | |
|---|---|---|---|---|
| विद्यालयको नाम : बालकल्याण मा.वि. | | | | |
| क्र.स. | शिक्षकको नामथर | अनूपस्थित दिन | कट्टी भएको तलब | कैफियत |
| १ | तेज बहादुर सिंह | ९ | १०५००।० | |
| विद्यालयको नाम : कालिका मा.वि. सुन्दरपानी | | | | |
| १ | दिपक कुमार ओली | ४५ | ३५२५०।० | बैशाख भरी अनूपस्थित |
| २ | जंगबहादुर वि.क. | ४१ | ३२११६।० | |
| विद्यालयको नाम : जनता मा.वि. झिन्चौर | | | | |
| १ | मनबहादूर मल्ल | बैशाखदेखि हालसम्म अनूपस्थित : बर्खास्त गर्ने | | |
| विद्यालयको नाम : जनविकास मा.वि. घारीखोला | | | | |
| १ | महेन्द्र कुसारी | ३ | ११५०।० | |
| विद्यालयको नाम : हिमालय मा.वि. खदी | | | | |
| १ | मोहन बहादूर बोहरा | २ | १४७८।० | |
| २ | शासिराम बोहरा | १ | ७३९।० | |
| ३ | धनमाया देवकोटा | १ | २००।० | |
| विद्यालयको नाम : गोरखनाथ आ.वि. पाटागाउ | | | | |
| १ | खड्क बहादुर बोहरा | १ | ७३९।० | |
| विद्यालयको नाम : नवीन आ.वि. पाहाडा | | | | |
| १ | रविन्द्र बहादूर वि.क. | २ | १४७८।० | |
| २ | कर्ण कामी | ४ | ६००।० | का.स. |
| ३ | गीता रावल | ७ | १४००।० | बा.वि.के. |
| विद्यालयको नाम : सरस्वति आ.वि. स्याला | | | | |
| १ | नविना बुढा | १ | ७३९।० | |
| २ | जैसरी कामी | २ | ३००।० | का.स. |
| विद्यालयको नाम :साईकूमारी आ.वि. रोकाजाखेत | | | | |
| १ | हंशराज बुढा | २८ | २०६९२।० | बैशाख १५ दोख जठ |
| २ | दलबहादूर बुढा | २८ | २०६९२।० | गतेसम्म विद्यालय बन्द |
| ३ | पतिराम बुढाथोकी | २८ | २०६९२।० | तर रजिष्ट्ररमा हाजिरी |
| ४ | राधा कूमारी बुढा | २८ | ५६००।० | भएको |
| विद्यालयको नाम :ने.रा. मा.वि. गत्तसैना | | | | |
| १ | उद्योग जंग मल्ल | ८ | ५९१२।० | |
| २ | उज्वला आर.सी. | ८ | ५९१२।० | |
| विद्यालयको नाम :हिमालय मा.वि. दाजे | | | | |
| १ | उज्वल वि.सी. | १ | ३८३।० | |
| विद्यालयको नाम : भानूभक्त आ.वि. औलीगाउ | | | | |
| १ | निर्मला परियार | १८ | १३३०२।० | |
| विद्यालयको नाम : मनकामना आ.वि. चूतिपाखा | | | | |
| १ | भीम बहादुर बूढा | १४ | १०३४६।० | |
| २ | दिलमाया वि.सी. | ८ | १६००।० | |
| ३ | ममिता बुढाथोकी | ११ | १६५०।० | |
| विद्यालयको नाम : बह्मादेवी आ.वि. रिम्का | | | | |
| १ | सनिता बोहरा | १ | २००।० | |

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| विद्यालयको नाम : मालिका आ.वि. छिमी | | | | |
| १ | अमृता गीरी | २३ | १६९९७० | |
| २ | जन बहादुर बोहरा | ३ | २२१७० | |
| ३ | सुमित्रा बोहरा | १७ | ३४००१० | |
| विद्यालयको नाम : सरस्वति मा.वि. मिग्री | | | | |
| १ | सम्झना शर्मा | १ | २००१० | |
| विद्यालयको नाम : बालकल्याण आ.वि. हम्पा | | | | |
| १ | शंकर बहादुर पून | २४ | १७७३६१० | |
| विद्यालयको नाम : जनविकास आ.वि. ठूलीबार्खू | | | | |
| १ | शर्मिला के.सी. कूसारी | ७ | ३५००१० | |
| विद्यालयको नाम : ने.रा.मा.वि. ठूलीबार्खू | | | | |
| १ | भीम बहादूर खत्री | ३ | २५००१० | |
| विद्यालयको नाम : सिर्जना आ.वि. पिपलचौर | | | | |
| १ | खिमप्रकास पोखेल | ३० | २२१७०१० | |
| २ | कृपालाल शर्मा | १४ | १०३४६१० | |
| ३ | डिलू जैसी | २५ | ३७५०१० | |
| विद्यालयको नाम : सिर्जना आ.वि. घर्तिगाउ | | | | |
| १ | जगबहादुर शाही | ९ | ६६५९१० | |
| २ | नर बहादुर मल्ल | ९ | ६६५९१० | |
| विद्यालयको नाम : सरस्वति आ.वि. मैडाडा | | | | |
| १ | जया शाही | २४ | १७७३६१० | |
| विद्यालयको नाम : लालीगूरास आ.वि. भयाउने | | | | |
| १ | सत्य बहादुर मल्ल | २ | १४७८१० | |
| २ | रेखा मल्ल | १२ | ८८६८१० | |
| ३ | लाल बहादुर शाही | ६ | ९००१० | का.स. |
| विद्यालयको नाम : हिमाली आ.वि. गौरी चौर | | | | |
| १ | रोजीका कुसारी | १० | २०००१० | |
| विद्यालयको नाम : कमल आ.वि. हर्दिगाउ | | | | |
| १ | कृष्णबहादुर शाही | १ | ७३९१० | |
| विद्यालयको नाम : जनचेतना आ.वि. गैरीसालबारी | | | | |
| १ | एकता मल्ल | २६ | ५२००१० | |

आठबिसकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, आठबिसकोट, रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल, २०७३

नि.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम(पश्चिम )
## ६ नं. प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


आठविसकोट नगरपालिकाको कार्यालय, आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

**मिति :** २०७५/०३/२७

**पत्र संख्या :** २०७४/०७५
**चलानी नम्बर :** १३०१

विषय : तलब रोक्का गरिएको सम्बन्धमा ।

श्री जनता माध्यमिक बिद्यालय झिन्चौर

आठविसकोट नगरपालिका- १०,रुकुम पशिचम ।

माथि उल्लेखित सन्दर्भमा नगर शिक्षा ऐन, २०७४ को दफा २५ मा **"नियमानुसार विदा स्वीकृत नगराई बसेको शिक्षकले तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन ।"** भनि उल्लेख गरिएको छ । ऐ ऐनको दफा १९ को उपदफा (३) मा **"पदीय दायित्व पुरा नगरेमा, बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढि समय विद्यालयमा अनुपस्थित भएमा, विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा, सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा कुनै व्यावसायिक क्रियाकलाप सञ्चालन गरेमा, शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाईएमा शिक्षक वा कर्मचारीलाई पदबाट हटाउन सकिने"** व्यवस्था भएको जानकारी गराउँदछु । मिति २०७४ माघ १३ गतेदेखि फाल्गुन १४ गतेसम्म गरिएको अनुगमनको क्रममा तहाँ विद्यालयमा कार्यरत नि.मा.वि. राहत शिक्षक श्री मनबहादुर मल्लको तलब भत्ता अर्को व्यवस्था नभएसम्मको लागि रोक्का गरिएकोमा मिति २०७५ जेठ १६ देखि ऐ २४ गतेसम्म गरिएको दोस्रो चरणको विद्यालय अनुगमनको क्रममा समेत निज शिक्षक विदा स्वीकृत नगराई एवं. जानकारी नै नदिई लगातार विद्यालयमा अनुपस्थित रहेको, आफ्नो पदीय दायित्व पूरा नगरी विद्यालयको पठनपाठनमा समेत असर पुर्‍याएको देखिन आएकोले अर्को व्यवस्था नभएसम्मको लागि निजको तलब रोक्का गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

.....................................
रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री नगर प्रमुख ज्यूको सचिवालय

श्री आर्थिक प्रशासन शाखा

श्री नगर शिक्षा युवा तथा खेलकूद शाखा : पत्रमा उल्लेख भए अनुसार कार्यान्वयन भए/नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

श्री सूचना तथा अभिलेख व्यवस्थापन केन्द्र : वेभसाइटमा अपलोड गर्ने ।